नेपाल सरकार

# सहरी विकास मन्त्रालय

(...............कर्मचारी प्रशासन........................ शाखा)

फोन नं.: ४२११६९३, ४२११८८३, ४२११६७३
फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- क .प्र.२.११./०७४।७५- ८०९
चलानी नं.:- १६१४

मिति :- २०७५।०३।२५

विषय :-जानकारी गराइदिने बारे ।

श्री संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ को कार्यान्वयन सम्बन्धमा (सबै स्थानीय तहलाई जनहीतमा जारी सूचना) यसैसाथ संलग्न छ । उक्त सूचना सबै स्थानिय तहलाई जानकारी गराई दिनु हुन निर्णयानुसार अनुरोध छ ।

(विष्णु श्रेष्ठ)
शाखा अधिकृत

नेपाल सरकार

सहरी विकास मन्त्रालय

**वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ को कार्यान्वयन सम्बन्धमा (सबै स्थानीय तहलाई जनहीतमा जारी सूचना)**

नेपाल सरकारबाट मिति २०७२।०६।१३ मा स्वीकृति भएको र मिति २०७२।१२।२६ मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको “वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२” मा सम्पदा वस्ती सम्बन्धी प्रावधान मिति २०७३।१२।२८ को नेपाल राजपत्रको पहिलो संशोधनबाट थप गरिएको छ । सम्पदा वस्तीमा सूचीकृत गर्ने व्यवस्था समेत सोही मापदण्डको बुँदा १४(क) मा रहेको छ । भूकम्प पश्चात् तयार भएको यो मापदण्ड सबै स्थानीय तहले आधारभूत मापदण्डको रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । मापदण्डको बुँदा १७ (क) र (ख) मा स्थानीय तहले तर्जुमा गरी लागु गर्ने सो मापदण्ड आधारभूत मापदण्ड भन्दा सशक्त हुन सक्ने तर कमजोर हुन नसक्ने व्यवस्था गरिएको छ । स्थानीय तहले मापदण्ड तर्जुमा गर्दा आधारभूत मापदण्डको व्यवस्था प्रतिकुल गरे/गराएको तथा केही स्थानीय तहबाट सेटव्याक, भवनको उचाई, सडकको चौडाई, खोला तथा पोखरीको सेटव्याक, जग्गा खण्डिकरण तथा सीमा पर्खालका लागि नेपाल सरकारबाट स्वीकृत दस्तावेज भन्दा कमजोर मापदण्ड प्रयोगमा ल्याएको भन्ने जनगुनासो प्राप्त भएकोले मन्त्रालयको ध्यानाकर्षण भएको छ । अत: यी यस्ता विषयहरु आधारभूत मापदण्डको बुदा नं ३ अनुसारको समितिको छानवीनको विषय हुने र आधारभूत मापदण्ड भन्दा कमजोर मापदण्ड प्रयोगमा आएको / गराईएको विषय स्वत: अमान्य हुनुका साथै यस्ता कार्यमा संलग्न पदाधिकारीहरुलाई कानून बमोजिम कारवाही समेत हुनसक्ने व्यवस्था रहेको जानकारी गराइन्छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आधारभूत मापदण्ड भन्दा कमजोर मापदण्ड कार्यान्वयन नगर्न/नगराउन हुन सम्पूर्ण स्थानिय तह तथा पदाधिकारीलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ सहरी विकास मन्त्रालयको वेवसाइट www.moud.gov.np बाट प्राप्त गर्न सकिने छ ।

श्रीमान सचिवज्यू, संलग्न सूचना प्रकाशन गर्न जरुरी देखि निर्णयका लागि पेश गर्दछु।

सदस्य सचिव, सहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरिवेक्षण समिति

सहरी विकास मन्त्रालय
सचिवको निजी सचिवालय
दर्ता नं.